भिमफेदीको नयाँ प्रशासकीय भवन । पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक


कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१४, ● अंक-०६ ● २०७८ भदौ ०७ गते सोमबार, ● 23 Aug. 2021, ● नेपाल सम्वत्-११४१, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## बेरुजू कम भएको पालिका

# अब्बल ठहरिँदै थाहा



विकास संवाददाता

थाहा नगर

मकवानपुरको थाहा नगरपालिका पुनः अब्बल ठहरिएको छ । कुनै न कुनै नयाँ काम गरेर आफ्नो उत्कृष्टता कायम गर्दै आएको थाहाले जिल्ला समन्वय समितिले जिल्लाकै उत्कृष्ट उपाधि दिएको १५ दिन नबित्दै पुनः अर्को रेकर्ड राख्न सफल भएको छ । थाहानगरले आर्थिक वर्ष २०७६/०७७ मा जिल्लामै सबै भन्दा कम बेरूजू राख्न सकेकै कारण आफ्नो उत्कृष्टतालाई फेरि तल झर्न दिएन । दिवंगत दार्शनिक नेता रूपचन्द्र बिष्टले जसरी पारदर्शितामा आफ्नो छाप छाडेका थिए उसैगरी उनका गृहनगरको नेतृत्व सम्हालिरहेका नगर प्रमुख लवशेर बिष्टले मकवानपुर साख जोगाएका छन् । विष्ट रूपचन्द्रका चेला पनि हुन् ।

पर्यटकीय क्षेत्र थाहा नगरपालिकामा नेकपा माओवादी केन्द्रबाट मेयर निर्वाचित बिष्टले मकवानपुरका १० वटा स्थानीय तहमध्ये थाहा नगरपालिकालाई निरन्तर पहिलो भएर पुरस्कृत गराइरहेका छन् । थाहा नगरपालिकाको शून्य दशमलब ४८ प्रतिशत मात्रै रकम बेरूजु देखिएको छ भने सबैभन्दा बढी बेरूजु पूर्वी मकवानपुरको बागमती गाउँपालिकामा देखिएको छ । १० वटा तहमध्ये अन्तिममा रहेको बागमती गाउँपालिकामा बेरूजु प्रतिशत दर ११ दशमलव ६६ प्रतिशत रहेको छ । त्यसैगरी बेरूजु बढी देखिएको र नवौं स्थानको गाउँपालिकामा पनि रूपचन्द्र बिष्टकै अर्का चेला एकराज उप्रेतीले नेतृत्व गरेका छन् । मनहरी गाउँपालिकामा एमालेबाट निर्वाचित उप्रेती नेतृत्वले बेरूजु प्रतिशत ११ दशमलव ५१ प्रतिशत पुऱ्याएको महालेखा परीक्षकको कार्यालयले जनाएको छ ।

त्यसैगरी दोस्रो नम्बरमा भीमफेदी गाउँपालिका (१.१२ प्रतिशत), तेस्रोमा मकवानपुरगढी गाउँपालिका (२.०५ प्रतिशत), चौथोमा राक्सिराङ गाउँपालिका (२.६३ प्रतिशत) पाँचौमा बकैया गाउँपालिका (२.८४ प्रतिशत), छैटौँमा इन्द्रसरोवर गाउँपालिका (२.८९ प्रतिशत), सातौँमा कैलाश गाउँपालिका (२.९९ प्रतिशत) र आठौँ नम्बरमा हेटौँडा उपमहानगरपालिका (४.३८ प्रतिशत) बेरूजु रहेको महालेखाको प्रतिवेदनमा उल्लेख छ । यो तथ्याङ्क आर्थिक वर्ष २०७६/०७७ को हो ।

गत वर्ष थाहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई देशभरकै स्थानीय तहहरू मध्ये सबैभन्दा बढि बेरूजू फछ्र्यौट गरेको भन्दै देशकै उत्कृष्ट कर्मचारीको रूपमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सम्मान समेत गरेको थियो ।

## बागमती प्रदेशमा तेस्रो

आर्थिक वर्ष २०७६/०७७ मा बागमती प्रदेशका स्थानीय तहमध्ये बेरूजु कम राख्नेमा रामेछापको रामेछाप नगरपालिका पहिलो भएको छ । महालेखा परीक्षकको कार्यालयले प्रकाशित गरेको ५८ औँ वार्षिक प्रतिवेदनमा १ सय १९ वटा स्थानीय तह भएको बागमती प्रदेशको रामेछाप नगरपालिका प्रदेशका सबै स्थानीय मध्ये बेरूजु कम आउनेमा पहिलो नम्बरमा परेको हो ।

महालेखाले रामेछाप नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ मा २ अर्व २ करोड २६ लाख १४ हजारको लेखापरिक्षण गर्दा ६० लाख ४१ हजार अर्थात ० दशमलब ३० प्रतिशत मात्रै बेरूजु आएको छ भने अन्य स्थानीय तहको ० दशमलव ४३ प्रतिशत भन्दा माथि रहेको छ । १ सय १९ स्थानीय तह भएपनि यो वर्ष ९८ ओटा स्थानीय तहहरूको मात्रै लेखापरीक्षण भएको छ । जसमा बेरूजु कम ल्याउने स्थानीय तहमा रामेछापको रामेछाप नगरपालिका पहिलो नम्बरमा हुँदा काभ्रेपलान्चोकको महाभारत गाउँपालिका दोस्रो, मकवानपुरको थाहा नगरपालिका तेस्रो, चितवनको कालिका नगरपालिका चौथो र सिन्धुलीको मरिण गाउँपालिका पाँचौ नम्बरमा परेका छन् ।

त्यस्तै सबै भन्दा बढी बेरूजु आउने स्थानीय तहको पहिलो नम्बरमा दोलखाको बैतेश्वर गाउँपालिका परेको छ । महालेखाले बैतेश्वर गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ मा ८८ करोड ५८ लाख ६० हजार रूपियाँको लेखापरिक्षण गर्दा १२ करोड ४८ लाख ४२ हजार आर्थत १४ दशमलब ०९ प्रतिशत बेरूजु आएको छ ।

त्यस्तै सबै भन्दा बढी बेरूजु आउने अन्य चार स्थानीय तहमा क्रमशः काठमाण्डौँ महानगरपालिका, नुवाकोटको तादी गाउँपालिका, मकवानपुरको बागमती गाउँपालिका र मकवानपुरकै मनहरी गाउँपालिका रहेका छन् ।

## दामन भ्यूटावर पुनः संचालनको तयारी

◆ कुमार नेगी

दूरबिनको अभाव र जीर्ण संरचनाकै बीच मकवानपुरको थाहा नगरपालिकाले दामनस्थित भ्युटावर र रिसोर्ट पुनः सञ्चालनको तयारी गरेको छ । यसको लागि नगरपालिकाले एक वर्षका लागि ठेक्का आह्वान गरेको छ ।

स्थानीय तहमा जनप्रतिनिधि आउनेवित्तिकै थाहा नगरपालिकाले स्थानीय तह निर्वाचनको पहिलो वर्ष नै ठेक्का आव्हान गरी हेटौँडाको प्रकाश होटल इन्टरनेशनललाई ५ वर्षका लागि ठेक्का दिएको थियो । तर सम्झौता अवधि पूरा नहुँदै नगरपालिका र प्रकाश इन्टर नेशनलबीचको ठेक्का सम्झौता भङ्ग भएपछि बाँकी एक वर्षका लागि नगर पालिकाले ठेक्का आह्वान गरेको हो । प्रकाश होटलसँग ५ वर्षका लागि ठेक्का सम्झौता भए पनि सो रिसोर्ट र भ्युटावर दुई वर्षदेखि बन्द रहेको छ ।

भ्युटावरमा दूरबिन राखिदिन नगर पालिकालाई पटकपटक आग्रह गरे पनि नगरपालिकाले सोको बेवास्ता गर्दा दामन रिसोर्ट सञ्चालन गर्न समस्या भएको प्रकाश होटल इन्टरनेशनलले जिकिर गर्दै आएको थियो । पछिल्लो दुई वर्ष कोरोना महामारीका कारण लकडाउन हुँदा व्यवसाय नै चौपट भएपछि अन्ततः बक्यौता भाडा बुझाएर प्रकाश होटलले भ्युटावरबाट हात झिक्यो । अहिले नगरपालिकाले यथावस्थामा नै रिसोर्ट तथा भ्युटावर सञ्चालन गर्नेगरी ठेक्का आह्वान गरेको छ ।

न्यूनतम अंक ३ लाख २० हजार रूपियाँ कायम गरी एक वर्षका लागि दामन रिसोर्ट तथा भ्युटावर भाडामा दिन ठेक्का आह्वान गरिएको थाहा नगरपालिकाका उपप्रमुख खड्ग गोपालीले जानकारी दिए । रिसोर्ट र भ्युटावर सञ्चालनको ठेक्का पाउने व्यवसायीले भ्युटावर, किचेन, स्टोर, रेष्टुरेण्ट र भ्युटावर अगाडिको हल मात्र प्रयोग गर्न पाउने नगरपालिकाले जनाएको छ । 'यसअघि प्रयोगमा रहेका बेड रूम(लज) प्रयोग गर्न नपाउनेगरी निर्णय भएको छ' उपप्रमुख गोपालीले भने ।

## थाहा नगरपालिका

*इन्द्रायणी चौर, मकवानपुर*

**सूचना ! सूचना !! सूचना !!!**

सूचना प्रकाशित मिति : २०७८/०५/०१

**यस थाहा नगरपालिका कृषि विकास शाखा इन्द्रायणी चौर मकवानपुरको आर्थिक वर्ष २०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार ७५ प्रतिशत अनुदानमा बायोटिन कृषि चुन वा भिटाकल बी वितरण गर्नुपर्ने भएकोले थाहानगर भित्रका इच्छुक कृषक समूह, कृषि सहकारी र कृषि फर्मले आवश्यक तपसिलका कागजातसहित यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र कृषि विकास शाखामा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।**

**आवश्यक कागजातहरू:**

१. निवेदन–१ प्रति
२. कृषक समूह/कृषि सहकारी/कृषि फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी–१ प्रति
३. कृषक समूह/कृषि सहकारी//कृषि फर्मको निर्णय प्रतिलिपी प्रतिलिपी–१ प्रति
४. पान दर्ता प्रमाणपत्रको प्रतिलिपी–१ प्रति
५. करचुक्ता प्रमाणपत्रको प्रतिलिपी–१ प्रति

**थप जानकारीका लागि सम्पर्क:**

**९८४५१०३३४१ र ९८४५०७२२००**

– कृषि विकास शाखा



समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

# • सम्पादकीय •

## बेथितिको सूचक 'बेरुजू'

राज्य पुनर्संरचना, संघीयता कार्यान्वयनसँगै राज्यका संरचना जनताको घर नजिक आएका छन् । यसले जनतालाई धेरै फाइदा पनि भएको छ तर जुनस्तरमा फाइदा हुनुपर्ने हो, त्यति फाइदा जनताको घरदैलोसम्म पुग्न सकेको छैन । बरु बेथिति र विकृतिका चाङ बढ्ने क्रम जारी छ । महालेखा परीक्षकको कार्यालयले राष्ट्रपति समक्ष पेश गरेको आर्थिक वर्ष २०७६/०७७ को प्रतिवेदन हेर्ने हो भने सबैतिर बेथितिको जालो फैलदै गरेको देखिन्छ । संघमा भ्रष्टाचार र अनियमितता पुरानै भए पनि नयाँ बनेका प्रदेश र स्थानीय तहमा पनि त्यही प्रकारको बेथिति फैलदै जानु निकै दुःखद र बिडम्बनापूर्ण छ । यसमा नियन्त्रण गर्नसक्ने सोच, संयन्त्र र इच्छाशक्तिको विकास गर्ने हो भने देश बनाउने कुरा मृगतृष्णा मात्र हुनेछ । महालेखा परीक्षकको प्रतिवेदन भन्छ– वडा तहदेखि प्रधानमन्त्री कार्यालयसम्म बेथिति डरलाग्दो गरी बढिरहेको छ । तथ्यगत विवरण हेर्ने हो भने प्रधानमन्त्री कार्यालयले 'विविध खर्च' भनेर एक वर्षमा एक करोड ९९ लाख ४४ हजार रुपैयाँ खर्च गरेको छ । तत्कालीन गृहमन्त्री रामबहादुर थापा, गृहसचिवद्वय प्रेमकुमार राई र महेश्वर न्यौपानेले सुराकीका नाममा एक करोड ४८ लाख ५८ रुपैयाँ खर्च गरेका छन् । प्रधानमन्त्री कार्यालय, गृहमन्त्री र सचिवहरुले गरेको खर्चको बिल भर्पाइ कतै छैन । अद्यावधिक बेरुजु चार खर्ब १८ अर्ब ८५ करोड रुपैयाँ पुगेको छ । यति ठूलो रकमको कारोबार रीत नपुर्‍याई वा बेमनासिब तरिकाले खर्च गरिएको छ ।

अघिल्लो वर्षको तुलनामा आर्थिक वर्ष ०७६/७७ मा बेरुजु ०.१३ प्रतिशतले बढेको छ । प्रदेशहरुमा बेरुजु दर निकै बढिरहेको छ । विदेशी विश्वविद्यालयको सम्बन्धनमा सञ्चालित शैक्षिक संस्थाले विद्यार्थीबाट लिने शुल्कमा तिर्नुपर्ने १५ प्रतिशत आयकर नतिरेको, ओम्नीलगायत विभिन्न कम्पनीले स्वास्थ्य सामग्री खरिदमा अनियमिता गरेकोदेखि न्यायाधीशले कर छली गरेको समेतका घटना महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको छ । यसरी हेर्दा सबै क्षेत्रमा बेथिति बढिरहेको छ । बेरुजुदर बढ्दै जानु, कानुनले निर्दिष्ट गरेको क्षेत्रमा भन्दा बाहिर गएर खर्च गर्नु, खर्च विवरण पारदर्शीढंगले सार्वजनिक नगर्नु, मन्त्री र मन्त्रालयका सचिवस्तरबाटै मनमौजीमा खर्च गरिनु र त्यसको विवरण सार्वजनिक नहुनु, वैदेशिक सहायताको लेखा परीक्षण नै नगर्नु जस्ता बेरीतका कामले आर्थिक अनुशासन उल्लंघनमा टेवा पुगिरहेको छ । यसलाई नियन्त्रण गर्न के गर्ने ? यो आजको अहं सवाल बनेको छ ।

राज्यस्रोतबाट हुने खरिदमा सबैभन्दा धेरै भ्रष्टाचार हुने गरेको छ । चाहे वाइडबडी प्रकरण होस्, चाहे ओम्नी प्रकरण होस्, यी सबै सार्वजनिक खरिद अनियमितताका बाहिर आएको घटना मात्र हुन् । विगतमा मन्त्रीहरुले कमिसनका लागि करोडौंका बार्गेनिङ गरेका अडियो भिडियो सार्वजनिक नभएका होइनन् । यसबाट के देखिन्छ भने भ्रष्टाचारको संस्थागत शुरुवात राजनीतिक नेतृत्वबाटै हुन्छ र त्यसकै आवरणमा मातहतका सबै निकायमा भ्रष्टाचार र बेथिति फैलदै जान्छ । त्यसको असर अत्यावश्यकीय क्षेत्र शिक्षा, स्वास्थ्यहुँदै कानुनी क्षेत्रमा समेत विस्तार हुन थालेको महालेखा परीक्षकको प्रतिवेदनले औंल्याएको सार हो । बेरुजू अंक बेथितिकै एउटा मजबुद सूचक हो । यसरी सबैतिर अनियमितता र बेथिति बढ्दैछ, यसविरुद्ध जनचेतना र खबरदारी पनि उत्तिकै बढाउँदै जानुपर्ने आवश्यकता छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५0७२३२२ र नरेन्द्र अधिकारी ९८५५0७0५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# बेथिति, 'अनियमितता र बेरूजूको व्यापकता



हरिबोल काफ्ले

> सार्वजनिक क्षेत्रमा बढेको बेथिति र अनियमिततामा राजनीतिक दल, नेतृत्ववर्ग र सरकारले त्यसको जिम्मेवारी लिनु आवश्यक छ । नेपालको सन्दर्भमा राजनीतिक नेतृत्वमा सुशासनकको विकास गर्ने इच्छाशक्ति, प्रतिबद्धता, इमानदारीता र साहसको अत्यधिक कमी देखिन्छ ।

महालेखा परीक्षक कार्यालयले आर्थिक वर्ष २०७६/७७ को प्रतिवेदन सार्वजनिक गरेको छ । मूलतः यो प्रतिवेदनले उक्त अवधिभर सबै स्थानीय तहदेखि प्रदेश र संघका कार्यालयहरू र सार्वजनिक संस्थानहरूको समेत लेखापरीक्षणमा आधारित भई प्रतिवेदन आएको हो । तर, यो प्रतिवेदनले सार्वजनिक निकायमा भएको बेथिति र बेरूजूको चाङलाई छताछुल्ल गरेको छ । प्रतिवेदनअनुसार सबै तहका सरकारमा व्यापक अनियमितता भएको, जवाफदेहिता समेत नरहेका, सार्वजनिक सम्पत्तिको व्यापक दुरूपयोग भएको र संस्थानहरूमा समेत चरम अव्यवस्था भित्रिएको देखिन्छ । सार्वजनिक भएको लेखापरीक्षणको प्रतिवेदनले समग्रमा देशमा वित्तीय प्रशासन, आर्थिक अनुशासन, खर्च कटौती र उपयोग तथा मितव्ययिता एवम् कार्यदक्षतामा ह्रास आएको देखिन्छ भने विकास निर्माण र खरीद प्रक्रियामा व्यापक अनियमितता, भ्रष्टाचार र अपारदर्शिता बढेको औंल्याएको छ ।

महालेखा परीक्षकको आर्थिक वर्ष २०७६/७७ को वार्षिक प्रतिवेदनअनुसार कुल बेरूजूतर्फ ४ खर्ब १८ अर्ब ८५ करोड रूपैयाँ पुगेको छ । त्यसैगरी आर्थिक वर्ष २०७६/७७ मा मात्रै १ खर्ब ४ अर्ब ३८ करोड बेरूजू थपिएको छ जुन कुल बेरूजूको करीब २५ प्रतिशत हो । थपिएको कुल बेरूजूमध्ये संघीय मन्त्रालय तथा निकायतर्फ ४४ अर्ब ३९ करोड (४२ प्रतिशत), स्थानीय तहमा ४० अर्ब ८३ करोड (३९ प्रतिशत), समिति र अन्य संस्थानतर्फ १२ अर्ब ६६ करोड (१२ प्रतिशत) र प्रदेशतर्फ ६ अर्ब ७५ करोड (७ प्रतिशत) रहेको छ । बेरूजूबाहेक राजस्व राजस्व बक्यौता, शोधभर्ना लिनुपर्ने वैदेशिक अनुदान, असुलउपर बाँकी ऋणको साँवा तथा ब्याजको रकमसमेत उल्लेख्य बढेको छ । प्रदेशतर्फ सबैभन्दा बढी प्रदेश २ मा कुल २ मा १ खर्ब ८० करोड रूपैयाँ बेरूजू देखिएको छ भने सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा ५७ करोड ५१ लाख रूपैयाँ बेरूजू देखिएको छ ।

सबैभन्दा धेरै बेरूजू सडक पूर्वाधारको निर्माणसँग सम्बद्ध रहेको देखिएको छ । ठेक्कामा गएका सबै तहका कुल १ हजार १ सय ८१ सडकमध्ये ५ सय ७६ ठेक्का अलपत्र छ र निर्माण अधुरो छ । सडक निर्माणपछि हस्तान्तरणमा देखिएको समस्याका कारण काम पूरा भएका धेरै संरचना बिग्रने र मर्मत नहुने कारणले थप व्ययभार सृजना हुने अवस्था आएको छ । त्यसैगरी शिक्षा, स्वास्थ्य एवं अन्य सामाजिक क्षेत्रमा समेत व्यापक अनियमितता बढेको देखिएको छ । वित्तीय प्रशासन एवं आर्थिक अनुशासन कायम गर्ने कुरामा संवैधानिक निकायसमेतको अवस्था दयनीय छ । निर्वाचन आयोगले निर्वाचन प्रयोजनका लागि आईस्पीड डिजिटल कल प्रिन्टर मेशिन र छाड स्प्रिङ्ग डिजिटल मोनोक्रोम मेशिन खरीद गरे पनि त्यसलाई प्रयोगविहीन बनाएको पाइएको छ । उल्लिखित तथ्यांकले पछिल्लो समय नेपालमा सबै प्रकारका सार्वजनिक क्षेत्रहरू वित्तीय जवाफदेहिता नभएको र लापर्बाही भित्रिएको देखाउँछ ।

सरकारले समान रूपले सबै तहमा वित्तीय प्रशासन पारदर्शिता कायम गर्ने ध्येयले विभिन्न कानून तथा कार्यविधिहरू लागू गरेको छ । तर, संघीयता कार्यान्वनपछि वित्तीय जवाफदेहिता कायम गर्ने कार्य झन् चुनौतीपूर्ण बन्दै छ । संघमा देखिने शैलीको अनियमितता, भ्रष्टाचार र अपारदर्शिता प्रदेश र स्थानीय तहमा समेत पुगेको छ । कानूनी आधार पुष्टि नहुने किसिमले मनपरी खर्चहरू गर्ने कार्यमा प्रदेश सरकारका मन्त्रालयहरू र स्थानीय तहका जनप्रतिनिधिहरू अग्रस्थानमा देखिन्छन् । नीतिगत निर्णय विना नै अनेकौं सुविधा लिने र गाडी चढ्ने प्रवृत्तिले जताततै व्यापकता पाएको देखिन्छ । पदाधिकारीहरूको सेवा र सुविधामा मात्र वागमती र गण्डकी प्रदेशले क्रमशः ७५ लाख ७९ हजार र ३० लाख ७० हजार खर्च गरेको छ, जसलाई महालेखाले बेरूजू मानेको छ ।

नेपालमा पछिल्लो समय राजनीतिक अस्थिरता र राज्यको नेतृत्वकर्ता मूकदर्शक बन्नुका कारण सार्वजनिक क्षेत्रमा बेथिति र विकृतिले प्रश्रय पाएको देखिन्छ । कोभिड–१९ का कारण मुलुकमा निषेधाज्ञा लागू भएको अवस्थामा सार्वजनिक प्रशासनमा जवाफदेहिताको अवस्था झन् खस्किएको देख्न सकिन्छ । उच्च तहबाट नै नीतिगत रूपमा अनेकौं भ्रष्टाचारका काण्डहरू सतहमा आए पनि कारबाहीको दायरामा नपरेकाले तल्लो तहमा समेत त्यसको प्रभाव परेको देख्न सकिन्छ । निषेधाज्ञाका कारण लामो समय ती क्षेत्रमा सर्वसाधारण र सेवाग्राहीको चासो समेत कम परेकाले त्यहाँ मनोमानी बढेको देख्न सकिन्छ । अघिल्लो वर्षको एमनेस्टी इन्टरनेशनलको प्रतिवेदनले समेत राजनीतिक प्रश्रयका कारण नेपालमा भ्रष्टाचार संस्थागत हुँदै गएको बताएको थियो । तर, उच्च नेतृत्वबाट उक्त प्रतिवेदनलाई समेत इन्कार गरी पूर्वाग्रही किसिमले दोषारोपण गर्ने प्रवृत्ति देखियो । यस कारण सार्वजनिक क्षेत्रको भ्रष्टाचार एवं पद र अधिकारको दुरूपयोग हुने प्रवृति झन् मौलाउँदै गयो ।

वित्तीय प्रशासन, आर्थिक अनुशासन, खर्च कटौती र उपयोग तथा मितव्ययिता लागू गर्ने सिलसिलामा नेतृत्वको चासो एवं समस्या समाधानका लागि अथक प्रयास आवश्यक छ । साथै, भ्रष्टाचारको निवारणका लागि संवैधानिक, कानूनी एवम् संस्थागत सुनिश्चितता भई सक्षम व्यक्तिले त्यस कार्यको नेतृत्व लिनु आवश्यक छ । तर, नेपालको सन्दर्भमा राजनीति भागबन्डा र शक्तिको भरमा ती संस्थामा नेतृत्व ल्याउने कार्यले भ्रष्टाचार चुलिएको छ । साथै व्यक्तिको राजनीतिक आवरण र आबद्धता अनियमिततालाई ढाकछेप गर्ने अस्त्रको रूपमा प्रयोग हुँदै आएको छ । भ्रष्टाचार नियन्त्रणका लागि राजनीतिक शुद्धीकरण र नेतृत्वको प्रतिबद्धता प्रमुख शर्तहरू हुन् । सुशासन अभिवृद्धि, पारदर्शिता र भ्रष्टाचार नियन्त्रणका लागि नीति, कानून, कार्यविधि वा संवैधानिक निकायको व्यवस्था मात्रले काम गर्ने देखिँदैन । अनियमितता, भ्रष्टाचार र अपारदर्शिताको नियन्त्रणका लागि नेतृत्वले त्यो किसिमको सोच राखेर क्षमता प्रदर्शन गर्नु आवश्यक छ ।

सुशासन प्रवर्द्धनका लागि नेपालमा दर्जनौं कानून प्रतिपादन भएका छन् भने अनगिन्ती संस्थागत संरचनाहरूको व्यवस्था गरिएको छ । भ्रष्टाचार निवारण ऐन, सुशासन ऐन, सार्वजनिक खरीद ऐन, राजस्व चुहावट ऐन एवं सम्पत्ति शुद्धीकरण ऐनजस्ता कानूनी व्यवस्थाहरू वर्षौं अगाडिदेखि कार्यान्वयनमा छन् । त्यसैगरी अख्तियार दुरूपयोग अनुसन्धान आयोग र महालेखा परीक्षकको कार्यालयलगायत संवैधानिक निकायका अतिरिक्त राष्ट्रिय सतर्कता केन्द्र, राजस्व अनुसन्धान विभाग, विशेष अदालत, न्याय परिषद्, संसद् एवम् संसदीय समिति, सैनिक विशेष अदालतजस्ता संस्थागत संरचनाहरू समेत क्रियाशील देखिन्छन् । तर, नेतृत्वमा देखिएको उदासीनता र भनाइ एवं गराइमा देखिएको फरकले बेथिति र अनियमितताले व्यापकता पाएको देखिन्छ । नेतृत्व वर्गमा सार्वजनिक पदमा रहँदाको अवस्थामा अथाह कमाउने र सुविधा लिने भन्ने दूषित मनसायका कारण चरम रूपमा यो प्रकारको बेथिति बढेको हो ।

सार्वजनिक क्षेत्रमा बढेको बेथिति र अनियमिततामा राजनीतिक दल, नेतृत्ववर्ग र सरकारले त्यसको जिम्मेवारी लिनु आवश्यक छ । नेपालको सन्दर्भमा राजनीतिक नेतृत्वमा सुशासनकको विकास गर्ने इच्छाशक्ति, प्रतिबद्धता, इमानदारीता र साहसको अत्यधिक कमी देखिन्छ । हरेक तह वा संस्थामा अति राजनीतीकरण हाबी भइरहको देखिन्छ । नेतृत्वको छनोटको समयमा नै हुने हस्तक्षेप र आर्थिक लेनदेनको विषयले प्रश्रय पाउँदा त्यहाँ भित्र अनियमितता नबढ्ने भन्ने प्रश्नै खडा हुँदैन । भ्रष्टाचारको नियन्त्रण र सुशासनको जिम्मेवारी पाएका संस्थाहरूमा समेत राजनीतिकरण हाबी हुने गरेकाले अनियमितता गर्नेलाई बल पुग्ने गरेको छ । सार्वजनिक क्षेत्रमा हुने अनियमिततामा राजनीतिक संरक्षणलाई परास्त गर्न अति आवश्यक छ ।

बेरूजूका कारणहरूको पहिचान गरी समयमा नै त्यसको समाधान खोज्नु आजको आवश्यकता हो । सार्वजनिक पद धारण गर्नेले धनी बन्नैपर्ने मानसिकता त्याग्ने वातावरण निर्माण गर्न राज्यले नागरिकका आवश्यकतासँग भविष्यप्रति सुनिश्चित सामाजिक सुरक्षाको प्रबन्ध व्यवस्था गर्नु आवश्यक छ । सर्वसाधारणको समेत सार्वजनिक क्षेत्रको निगरानी र नियन्त्रणमा सहभागि गराउने पद्धतिको विकास गरेको खण्डमा ती निकायमा हुने अनियमितता कम हुन सक्छ । सार्वजनिक क्षेत्रको सेवा प्रवाह वा विकासका कार्यमा बिचौलिया र माफिया प्रवृत्तिलाई निशेष गर्नु पनि आजको आवश्यकता हो । साथै प्रतिवेदनले औल्याएका विषय र सुझाव उपर सम्बद्ध निकायले द्रुतरूपमा कार्य गर्नु आवश्यक छ ।

*(लेखकः आर्थिक विकास अध्ययन केन्द्र (नारेक) नेपालका निर्देशक हुन् ।)*

# एसईईमा डी र ई ग्रेड ल्याएकाले
# सिटिइभिटीका कस्ता कोर्स गर्न पाउँछन् ?

एसईईमा प्राप्त अंक कम भएकै कारण धेरैका लागि उच्च शिक्षाको ढोका खुला हुँदैन । उनीहरूले कक्षा ११ मा भर्ना पाउँदैनन् । तर, हतोत्साही हुनुपर्ने केही छैन । किनभने उनीहरूले सिटिइभिटी अन्तर्गतका यस्ता थुप्रै कोर्स गर्न सक्छन्, जसले प्राविधिक र व्यवसायिक सीप हासिल गराउँछ ।

एसईई परीक्षामा सहभागी विद्यार्थीको प्राप्तांक कम भएपनि लब्धांक पत्रमा अनुत्तीर्ण लेखिदैन । तत्कालिन उच्च माध्यमिक शिक्षा परिषद्ले २०७३ असार १५ गते र शिक्षा मन्त्रालयले २०७४ असार ५ गते गरेको निर्णयअनुसार न्यूनतम जीपीए १ दशमलव ६ निर्धारण गरेको छ । १ दशमलव ६ भन्दा कम जीपीए ल्याउनेहरूले कक्षा ११ मा भर्ना हुन पाउँदैनन् ।

एसईईमा उत्कृष्ट अंक ल्याउने विद्यार्थीहरू आफुले इच्छाएको विषय रोजेर पढ्न पाउँछन् । उनीहरूको लागि विकल्प धेरै हुन्छन् । तर कम अंक ल्याउनेको लागि पनि बाटो बन्द भने हुँदैन । कम ग्रेड ल्याउने विद्यार्थीको लागि पनि अनेक विकल्प छन् ।

कक्षा ११ आफुले रोजेको विषय पढ्न नपाए पनि प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद् (सीटीईभीटीई) ले तयार पारेको प्राविधिक शिक्षा लिन पाउँछन् । जसले उनीहरूको गरीखाने बाटो खुल्छ ।

परिषदले कम ग्रेड लिएर पास गर्ने विद्यार्थी लक्षित पाठ्यक्रम तयार गर्दै आएको छ । अर्थात एसईईमा जुनसुकै ग्रेड ल्याएपनि पढ्न पाउने पाठ्यक्रम बनाएर विद्यार्थीलाई पढ्ने-सिक्ने अवसर दिईरहेको छ ।

परिषद्ले चालु शैक्षिक सत्रका लागि प्रि-डिप्लोमाको १८ महिने कोर्षको लागि आवेदन माग गरेको छ । प्रि-डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साईन्स), प्रि-डिप्लोमा ईन लाईभस्टक प्रडक्सन-एनिमल हेल्थ, प्रि-डिप्लोमा ईन भेटेरिनरी साईन्स लगायत १७ वटा कार्यक्रम ल्याएको छ ।

परिषद्का प्रवक्ता विनोद बडाल यो कार्यक्रमले विद्यार्थीहरूलाई गरीखाने वैकल्पिक बाटो देखाउने बताउँछन् । उनी भन्छन् 'अहिले एसईईमा राम्रो ग्रेड आएन भनेर निराश हुनुपर्ने अवस्था छैन । प्रि-डिप्लोमा गरेर गरी खाने बाटो खोल्न सक्छन् ।'

यो कार्यक्रमले समेटेका सिकाईमा ८० प्रतिशत प्राक्टिकल हुन्छ । २० प्रतिशत मात्रै सैद्धान्तिक हुने भएकोले विद्यार्थीलाई पढिरहेको जस्तो नहुने प्रवक्ता बडालको भनाई छ । प्रि-डिप्लोमा उत्तीर्णले डिप्लोमा कोर्ष पनि पढ्न पाउँछन् । १८ महिने कोर्ष पढिसकेपछि विद्यार्थी बेरोजगार भएर बस्नुपर्ने अवस्था नहुने उनको दाबी छ ।

यत्ति हुँदा हुँदै पनि पछिल्लो समय विद्यार्थीको संख्या भने क्रमश घट्दै गएको प्रवक्ताको भनाई छ । उनी भन्छन् 'यो एकदम राम्रो कोर्ष हो तर पनि विद्यार्थीको आकर्षण भने घटिरहेको छ । यसबारे अध्ययन नगरी भन्न सकिने अवस्था छैन ।' परिषद्बाट संचालन सम्बन्धन-स्वीकृति पाएका आंगिक, साझेदार, सामुदायीक विद्यालयमा प्राविधिक शिक्षा (टीईसीएस) कार्यक्रम र नीजि स्तरमा संचालित शिक्षण संस्थाहरूले परिषद्को यो कार्यक्रम सञ्चालन गर्न पाउने छ ।

उत्तरपानी प्राविधिक शिक्षालय धनकुटा, शैलजा आचार्य स्मृति पोलिटेक्निटक इन्स्टिच्यूट, जहदा मोरङ, लहान प्राविधिक शिक्षालय, लहान, जिरी प्राविधिक शिक्षालय दोलखा, पनौती प्राविधिक शिक्षालय काभ्रे, बालाजु स्कुल अफ इन्जिनियरिङ एन्ड टेक्नोलोजी काठमाडौं सहित ५४७ शिक्षण




संस्थाहरूमा विद्यार्थीले आफुले चाहेको प्रि-डिप्लोमा कोर्ष गर्न सक्नेछन् ।

### बैदेशिक रोजगारी लक्षित कार्यक्रम

परिषद्ले भदौ २ गतेदेखि २३ गतेसम्म अनलाईन आवेदन माग गरेको छ । कोभिड १९ का कारण यो वर्ष परिषद् प.नि.का बाट उपलब्ध गराइएको वेब बेस्ड अनलाईन इन्टिग्रेटेड ट्रेनिङ मेनेजमेन्ट सिस्टम (आइडिएमएस) बाट हुने सूचना जारी गरेको छ ।

प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद् (सीटीईभीटी) ले राष्ट्रिय तथा अन्तराष्ट्रिय श्रम बजारको माग अनुसार विभिन्न पेशा व्यवसायमा छोटो अवधीका र प्रि-डिप्लोमा प्रमाणपत्र तहका पाठ्यक्रमहरू निर्माण तथा समयानुकुल परिमार्जन गर्ने गरेको छ ।

परिषद्ले छोटो अवधिका २४३ वटा, प्रि-डिप्लोमा तहका ३१ र डिप्लोमा तहका ४८ पाठ्यक्रमहरू छन् । बैदेशिक रोजगार बोर्डको सहयोगमा परिषद्ले १८० घण्टाको ५ वटा छोटो अवधिका पाठ्यक्रमहरू बैदेशिक रोजगारीका लागि निर्माण गरेको छ । जस मध्ये असिस्टेन्ट टाईल मार्वल फिक्सर, असिस्टेन्स आलमुनियम फेब्रिकेटर इन्स्टलर, फ्रन्ट अफिस असिस्टेन्स, जुनियर ब्युटिसियन र जुनियर फर्निचर मेकर हुन् । बैदेशिक रोजगारीमा जान चाहनेको लागि बैदेशिक रोजगार बोर्ड र समी परियोजनाले निशुल्क तालीमहरू सञ्चालन गर्ने गरेको छ । परिषदका प्रदेश कार्यलयहरू र विभिन्न शिक्षालयहरूबाट वार्षिक रुपमा करिब ४५ हजार जनालाई छोटो अवधिका तालीमहरू निशुल्क उपलब्ध गराउदै आएको प्रवक्ताले बताए । गत वर्ष मात्रै समी परियोजना अन्तर्गगत करिब ९ हजारले विभिन्न किसिमको तालिम दिएको जनाएको छ ।

# घिउकुमारीको ७ वटा फाइदा र प्रयोग

एलोभेरा सौन्दर्य प्रशाधन एवं स्वास्थ्यको क्षेत्रमा परिचित नाम हो । यो क्याक्टस प्रजातिको एक बिरुवा हो, जो गर्मी एवं सुक्खा जलवायुमा उब्जाउ हुन्छ । यो व्यापक रुपमा टेक्सास, न्यू मेक्सिको, एरिजोना र क्यालिफोर्नियाको दक्षिणी सीमा क्षेत्रहरूमा खेती गरिन्छ । यो वर्षौंको लागि आयुर्वेदिक औषधि बनाउन प्रयोग गरिँदै आएको हो । एलोभेरा जेलले हामीलाई घामबाट बच्न र घाउ निको पार्न मद्दत गर्छ । यसका लाभहरूको बारेमा तल उल्लेख गरि एको छ ।

### घिउकुमारीको लाभ

तेल बिना नै यसको कोमल जेलको प्रयोगले एउटा नाइट क्रिम बनाउन सकिन्छ । घामको हानिकारक किरणबाट बच्नको लागि घिउकुमारीको जेलको प्रयोग गर्न सक्नुहुन्छ । जसले कपाल झर्ने समस्यालाई रोक्न सक्छ । यही कारणले यसलाई चामत्कारिक वृक्ष पनि भन्ने गरिन्छ । दैनिक जीवनमा यसको प्रयोग गर्दा हामीलाई निम्न फाइदा हुन सक्छ ।

- मधुमेह नियन्त्रण गर्न
- मुटुको जलनबाट मुक्ति
- मुख सफा राख्न
- कब्जियतको समस्या समाधान
- पोषक तत्वबाट मुक्ति

### मधुमेह नियन्त्रण

दैनिक दुई चम्चा एलोभेरा जुसको सेवनले रगतमा चिनीको मात्रा घटाउन सहयोग गर्छ । यसलाई कुनै जुस वा पानीसँग पनि सेवन गर्न सक्नुहुन्छ । तर घिउकुमारी सेवन गर्ने जुस ताजा फलबाट तयार पारेको हुनुपर्छ ।

### मुटुको जलनबाट मुक्ति

ग्यास्ट्रोसफोजिएल रिफ्लक्स डिजिज एक पाचनसँग सम्बन्धित समस्या हो । जसको कारणले मुटुमा धेरै जलन हुन सक्छ । सन् २०१० मा एक अध्ययनमा यो सुझाव दिइएको थियो कि अक्सर बारम्बार यस्तो समस्या भइरहेको छ भने करिब आधा आधार घण्टा पहिले १ देखि ३ मात्रा एलोभेरा जुसको सेवान गर्नुहोस् । यसबाट जीईआरडीको समस्याबाट राहत पाउनको लागि मद्दत पुग्छ ।

### माउथवास

२०१४ मा इथोपियन जर्नल अफ हेल्थ साइन्समा प्रकाशित एक अध्ययनलाई मान्ने हो भने बजारमा पाइने केमिकल युक्त माउथवासको साँटो घिउकुमारी सबैभन्दा प्रभावकारी विकल्प हो ।

### कब्जियतबाट राहत पाउन

घिउकुमारीमा ल्याक्जेटिभ गुण पाइन्छ । जसले पेट सफा गरेर कब्जियतबाट जोगाउन पनि सहयोग गर्छ । यसमा फाइबरको मात्रा पनि धेरै मात्रामा पाइन्छ । जुन खानेकुरालाई राम्रोसँग पचाउनको लागि सहयोगी हुन्छ । यदि तपाईलाई बारम्बार कब्जियतको समस्या छ भने दैनिक दुई चम्चा एलोवेराको रस सेवन गर्नुहोस्, यसले पाचन प्रणालीमा सुधार गर्छ । तपाईं घरमै पनि ताजा एलोवेराको पातहरूबाट रस बनाउन सक्नुहुन्छ ।

### कलेजोको कार्य

तपाईंको समग्र स्वास्थ्यको आधार तपाईंको कलेजोको कार्यमा आधारित हुन्छ । घिउकुमारीको रस कलेजोको स्वास्थ्यको लागि एउटा उपयुक्त तरिका हो । तपाईंको शरीर पर्याप्त पोषण र पानीको मात्रा भयो भने कलेजोले पनि राम्रो काम गर्ने गर्छ ।

### छाला र कपालको हेरचाह

घिउकुमारी जेल छाला सफा र कपालको सुरक्षाको लागि प्रभावकारी हुन्छ । ९६ प्रतिशत पानी र एमिनो एसिड्सबाट भरपपुर यस पारदर्शी जेलमा बिटामिन ए, बी, सी र ई हुन्छ । जसले कपालको लागि आवश्यक पोषण प्रदान गर्छ । यसरी एलोभेराले कपाल झर्न कम हुन्छ र कपाल बढ्छ ।

### निष्कर्ष

एलोभेरा जुस पोषक तत्वले युक्त हुन्छ । यसमा भिटामिन बी, सी, ई र फोलिक एसिड जस्ता महत्वपूर्ण भिटामिन र खनिजहरू पाइन्छ । यो तपाईंको आहारमा समावेश गरेर पोषक तत्वहरूको कमी पूरा गर्न सक्नुहुन्छ । एलोभेराको उचित मात्रामा उपभोग गर्नाले तपाईंलाई स्वस्थ बनाउन मद्दत गर्छ ।

## थाहा नगरका जनप्रतिनिधिको सम्पर्क नम्बर

| | | |
|---|---|---|
| थाहा प्रमुख | लवशेर विष्ट | ९८५५०६७६९२ |
| थाहा उपप्रमुख | खड्ग बहादुर गोपाली | ९८५५०६७०४५ |
| १ नं. वडाध्यक्ष | हेरमान गोपाली | ९८५५०८९३०१ |
| २ नं. वडाध्यक्ष | गुप्तबहादुर कार्की | ९८५५०८९३०२ |
| ३ नं. वडाध्यक्ष | राजेश के.सी. | ९८५५०८९३०३ |
| ४ नं. वडाध्यक्ष | दिपक सिं लामा | ९८५५०८९३०४ |
| ५ नं. वडाध्यक्ष | विष्णुबहादुर गुरुङ | ९८५५०८९३०५ |
| ६ नं. वडाध्यक्ष | शशीधर सुवेदी | ९८५५०८९३०६ |
| ७ नं. वडाध्यक्ष | सनमसिं मुक्तान | ९८५५०८९३०७ |
| ८ नं. वडाध्यक्ष | टिकाराम रुम्बा | ९८५५०८९३०८ |
| ९ नं. वडाध्यक्ष | परशुराम श्रेष्ठ | ९८५५०८९३०९ |
| १० नं. वडाध्यक्ष | हिराबहादुर गमाल | ९८५५०८९३१० |
| ११ नं. वडाध्यक्ष | किरणमान बल | ९८५५०८९३११ |
| १२ नं. वडाध्यक्ष | मानबहादुर स्याङ्तान | ९८५५०८९३१२ |

## भू-कम्पको छ वर्षः

# मकवानपुरमा ८० प्रतिशत निजी आवास निर्माण

◆ विकास संवाददाता



भूकम्प गएको ६ वर्ष बितिसक्दा मकवानपुरका भूकम्प पीडितहरूमध्ये करिब ८० प्रतिशतले निजी आवासीय भवन निर्माण गरिसकेका छन्। बाँकीले निर्माण गरिरहेका छन् ।

अनुदान सम्झौता भएकाहरूमध्ये ९३ प्रतिशतले निजी आवास भवन बनाइरहेका छन् । अनुदान सम्झौता गरेकामध्ये आइतवारसम्म मकवानपुरमा २६ हजार ८ सय ७७ जना अर्थात ८० दशमलव ५ प्रतिशत लाभग्राहीले घर निर्माण गरिसकेको जिल्ला आयोजना कार्यान्वयन इकाई (भवन) मकवानपुरका प्रमुख विमल किशोर केपीले बताए ।

उनका अनुसार मकवानपुरमा कुल लाभग्राही संख्या ३८ हजार ४ सय ५९ मध्ये ३५ हजार ७ सय ८७ लाभग्राहीले अनुदान सम्झौता गरे । तीमध्ये ३५ हजार ७ सय ७६ जना अर्थात ९८ प्रतिशत लाभग्राहीले अनुदान सम्झौता गरेर पहिलो किस्ता लगेका थिए । २ हजार ६ सय ७२ लाभग्राहीसँग अहिलेसम्म सम्झौता हुन सकेको छैन । उनीहरूको लाभग्राहीको सूचीबाट लगत कट्टा गर्न राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा पठाइसकिएको छ ।

प्राधिकरणले सम्झौता गर्न बाँकी रहेका लाभग्राहीहरूलाई अन्तिम पटकको निम्ति आगामी कात्तिक मसान्तसम्म सम्झौता गरेर घर बनाउन समयावधि तोकेको छ। दोस्रो किस्ता ३० हजार ९ सय ६६ जना अर्थात ७३ प्रतिशत लाभग्राहीले लगिसकेका छन् ।

तेस्रो किस्ता २८ हजार ९ सय ७२ जना लाभग्राहीले बुझेर लगेका छन् । निजी आवास निर्माण गर्न लगेको रकमले घर पुनर्निर्माण नगरेमा उक्त रकम फिर्ता गर्नु पर्ने र फिर्ता नगरेमा कानुनी दायरमा ल्याएर असुल गर्ने पुनर्निर्माण प्राधिकरणले जनाएको छ । मकवानपुरमा अहिलेसम्म २४ जना लाभग्राहीले रकम फिर्ता गरेका छन्। लाभग्राहीले सम्झौता गर्ने, पहिलो र दोस्रो किस्ता बुझेर लैजाने समय गुज्रिसकेको थियो । पुनर्निर्माण प्राधिकरणले सम्झौता गरेर आवासीय भवन बनाउनका लागि आगामी कात्तिक मसान्तसम्म समय थप गरेको जिल्ला आयोजना कार्यान्वयन ईकाई (भवन)का प्रमुख तुल्सीराम खर्बुजाले बताए ।

यसैगरी, मकवानपुरमा प्रवलीकरणका लाभग्राही ९ हजार ५ सय ४१ जना रहेका छन् । तीमध्ये ७ हजार ४ सय ४ जना लाभग्राहीसँगमात्र अनुदान सम्झौता भएको छ। अनुदान सम्झौता भएकामध्ये ७ हजार ३ सय ९७ जना लाभग्राहीले प्रथम किस्ताको रकम लगेका छन् । दोस्रो किस्ता एक सय ९५ लाभग्राहीले मात्र लगेका छन्। प्रवलीकरणका लाभग्राहीले २ किस्तामा एक लाख रूपैयाँमात्र पाउँछन् । घरको प्रवलीकरण गर्न उक्त रकम अपुग हुने भएकाले लाभग्राहीहरूले प्रवलीकरणको किस्ता बुझेर लैजान रूची नदेखाएको इन्जिनियर रविन पाठकले बताए। प्रवलीकरणबाट पुनर्निर्माणतर्फ ३ हजार ७ सय ५५ जना थपिएका छन भने पुनर्निर्माणबाट प्रवलीकरणतर्फ १९ जना परिवर्तित भएको उनले बताए ।

जोखिमयुक्त बस्तिमा परेका २६ लाभग्राहीमध्ये २२ जना अन्यत्र जग्गा खरिद गरी स्थानान्तरण भएको र जिल्लामा जोखिम वर्गमा परेका लाभग्राही ६ सय २७ पहिचान भएको जनाइएको छ। साथै, साबिककै स्थानमा घर निर्माण गर्न स्वीकृत प्राप्त भूमिहीन लाभग्राही ५ हजार १ सय ८७ रहेकोमध्ये ६० जनाले मात्र अन्यत्र जग्गा खरिद गरेको जिसस प्रमुख रघुनाथ खुलालले जानकारी दिए ।

पुनर्निर्माणका कार्यहरू सहज ढंगबाट सञ्चालन गर्न जिल्ला समन्वय समिति, मकवानपुरले उल्लेखनीय भूमिका खेलेको छ । साथै, भूमिहीन भूकम्प पीडितहरूलाई साबिककै स्थानमा आवास निर्माण गर्न र जोखिमयुक्त बस्तिबाट अन्य क्षेत्रमा आवास निर्माण गर्न पाउने निर्णय गराउन महत्वपूर्ण भूमिका रहेको छ।

हालसम्म निजी आवासतर्फ पुनर्निर्माण लाभग्राही ४८ हजार ९ रहेकोमा ४३ हजार १ सय ९९ जनासँग सम्झौता भइसकेको छ । जसमध्ये हालसम्म ४३ हजार १ सय ७३ जनाले पहिलो किस्ता, ३१ हजार १ सय ४६ जनाले दोस्रो किस्ता र २६ हजार ८ सय ७४ जनाले तेस्रो किस्ता लिइसकेका छन् ।

त्यसैगरी, सार्वजनिक विद्यालयतर्फ हालसम्म ३ सय ७५ वटा विद्यालयको पुनर्निर्माणको काम सम्पन्न भइसकेको छ । निजी आवास पुनर्निर्माणको कार्य सकेसम्म छिटो सम्पन्न गरी पुनर्निर्माण अभियानलाई बिराम दिनुपर्ने आवश्यकता छ ।

## वार्षिक समिक्षा कार्यक्रम आयोजना गर्ने जिसस मकवानपुरको निर्णय

◆ विकास संवाददाता

जिल्ला समन्वय समिति (जिसस) मकवानपुरले आगामी भदौ २० गते वार्षिक समिक्षा कार्यक्रम आयोजना गर्ने निर्णय गरेको छ । हेटौंडामा बसेको ८१औं बोर्ड बैठकले आगामी २० गते समिक्षा कार्यक्रम आयोजना गर्ने निर्णय गरेको हो ।

जिसस मकवानपुरका प्रमुख रघुनाथ खुलालको अध्यक्षतामा बसेको बैठकले गत साउन २९ गते आयोजना गरेको जिल्ला सभाको समिक्षा गर्दै आगामी भदौ २० गते समिक्षा कार्यक्रम आयोजना गर्ने निर्णय गरेको हो ।

नेपालको संविधान २०७२ मा भएको व्यवस्था अनुसार जिसस मकवानपुरले हरेक वर्ष साउन महिनामा जिल्ला सभा र भदौ महिनामा जिल्ला समिक्षा कार्यक्रम आयोजना गर्दै आएको हुँदा समिक्षा कार्यक्रम आगामी २० गते आयोजना गर्ने निर्णय भएको प्रमुख खुलालले बताए । जिल्ला सभामा जस्तै स्वास्थ्य सुरक्षाका सम्पूर्ण मापदण्डहरू पालना गरेर समिक्षा कार्यक्रम आयोजना गरिने उनले जानकारी दिए ।

त्यस्तै बैठकले समिक्षा कार्यक्रम तयारी तथा जिल्ला सभाबाट भएका निर्णय कार्यान्वयनका लागि ठोस योजनाका साथ लाग्न कार्यालयलाई निर्देशन दिने निर्णय गरेको प्रमुख खुलालले जानकारी दिए । बैठकमा जिसस सदस्यहरू लगायतकाको उपस्थिती रहेको थियो ।

# बागमती प्रदेशमा उद्योगको संख्या धेरै, क्षमता उपयोग थोरै

◆ विकास संवाददाता

> देशभर घरेलु, साना, मझौला र ठूला गरी ८ हजार ४ सय ६७ उद्योग विभागमा दर्ता छन् । तीमध्ये ५ हजार ६ सय ३२ उद्योग बागमतीमै छन् ।

मुलुकमा संघीयता कार्यान्वयन सुरू भएको ४ वर्ष पुगिसक्दा पनि दुई तिहाइभन्दा बढी उद्योग, व्यवसाय अझै बागमती प्रदेश (विशेषगरी काठमाडौं उपत्यका) मै रहेको राष्ट्र बैंकको अध्ययन प्रतिवेदनले देखाएको छ । उद्योग विभागमा दर्ता भएर देशभर सञ्चालनमा रहेका घरेलु, साना, मझौला र ठूला उद्योगका आधारमा ६७ प्रतिशतभन्दा बढी उद्योग, व्यवसाय वाग्मती प्रदेशमा रहेको प्रतिवेदनले औंल्याएको हो । गत आर्थिक वर्षको पहिलो ६ महिनासम्म देशभर घरेलु, साना, मझौला र ठूला गरी ८ हजार ४ सय ६७ उद्योग विभागमा दर्ता छन् । तीमध्ये ५ हजार ६ सय ३२ उद्योग बागमतीमै छन् ।

सबैभन्दा कम ३८ उद्योग कर्णालीमा छन् । यस्तै, प्रदेश १ मा ८ सय १२, गण्डकीमा ७ सय ९०, प्रदेश २ मा ५ सय ७४, लुम्बिनीमा ५ सय र सुदूर पश्चिममा १ सय २२ वटा उद्योग रहेको प्रतिवेदनमा उल्लेख छ । हाल १० करोड पैयाँभन्दा बढी स्थिर पुँजी भएका उद्योग मात्र विभागमा दर्ता हुने व्यवस्था छ । १० करोड रूपैयाँभन्दा कम स्थिर पुँजी भएका उद्योग सात वटै प्रदेश र ७७ वटै जिल्लाका घरेलु कार्यालयमा दर्ता हुन पाउँछन् । यस्तै, कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता भएर पनि केही उद्योग सञ्चालनमा छन् । उल्लिखित तथ्यांकमा विभागभन्दा अन्यन्त्र दर्ता भएका उद्योगको संख्या समावेश छैन ।

विभागमा दर्ता भएका उद्योग संख्याका आधारमा बागमतीमा धेरै देखिए पनि प्रदेश र स्थानीय तहहरूमा पनि धेरै साना उद्योग दर्ता भएको विभागका महानिर्देशक जीवलाल भुसालले बताए । 'हामीसँग १० करोड रूपैयाँभन्दा धेरै स्थिर पुँजी भएका उद्योग मात्र दर्ता हुने हो,' उनले भने, 'सोभन्दा कम पुँजी भएका सबै प्रकारका उद्योगहरू प्रदेश र स्थानीय तहमा दर्ता हुन पाउँछन् । यसकारण केन्द्रमा दर्ता भएकामध्ये धेरै वाग्मतीमा देखिएका हुन् ।' लघु र साना उद्योग जोड्दा कुल उद्योग संख्या धेरै हुने उनको भनाइ छ । 'बागमतीमा उत्पादनमूलक उद्योग खोल्न पाइँदैन,' उनले भने, 'यसकारण त्यस्ता प्रकृतिका धेरै उद्योग अन्य प्रदेशमै खुल्छन् ।' मुलुक बाहिर पनि ठूलो उद्योग दर्ता हुने क्रम बढेको उनको दाबी छ ।

संख्याका आधारमा बागमतीमा धेरै उद्योग भए पनि क्षमता उपयोगका हिसाबले कमजोर रहेको राष्ट्र बैंकको अध्ययनले देखाएको छ । 'सर्वेक्षणमा समेटिएका १ सय ५४ उद्योगको क्षमता उपयोग औसतमा ५०.७ प्रतिशत छ,' प्रतिवेदनमा भनिएको छ, 'गण्डकी प्रदेशका उद्योगहरूको क्षमता उपयोग सबैभन्दा बढी ६०.६७ प्रतिशत र प्रदेश २ का उद्योगहरूको सबैभन्दा कम ४४.८५ प्रतिशत छ ।' त्यस्तै, प्रदेश १ का उद्योगको क्षमता उपयोग ५०.७९, लुम्बिनीमा ५०.६७, वाग्मतीमा ४८.९१ र सुदूरपश्चिम प्रदेशमा ४८.०३ प्रतिशत रहेको प्रतिवेदनले औंल्याएको छ ।

अन्य प्रदेशहरूको तुलनामा बागमतीमा पर्यटन क्षेत्रका उद्योगहरू बढी छन् । कोभिडका कारणले गत वर्ष सो क्षेत्र धेरै प्रभावित भएकाले ती उद्योगहरूको क्षमता उपयोग कम देखिएको जानकारहरू बताउँछन् ।

सर्वेक्षणमा समेटिएका उद्योगमध्ये कंक्रिट उद्योगले सबैभन्दा बढी ८८.७ प्रतिशत क्षमता उपयोग गरेको देखिएको छ । अध्ययनले समेटेका उद्योगमध्ये वनस्पति घिउ तथा तेल, गहुँको पिठो, पशुदाना, बिस्कुट, चाउचाउ, प्रशोधित चिया, धागो, औषधि, साबुन, रङ, कंक्रिट, फलामे छड तथा पातालगायत सामग्री उत्पादन गर्ने उद्योगको क्षमता उपयोग बढेको जनाएको छ । तर, चामल, चिनी, मदिरा, वियर, हल्का पेय पदार्थ, सिन्थेटिक कपडा, पस्मिना, गार्मेन्ट, प्रशोधित छाला, कागज, रोजिन, प्लास्टिकका सामान, जीआई पाइप र बिजुलीका तार र केबुल उद्योगको क्षमता उपयोग घटेको प्रतिवेदनले देखाएको छ । 'कोभिड–१९ महामारीको बाबजुद पनि उद्योगको क्षमता उपयोग गत वर्षको तुलनामा केही बढेको देखिन्छ,' प्रतिवेदनमा भनिएको छ, 'तर, समग्रमा उद्योगको क्षमता उपयोग कम नै रहेको छ ।'

कर्जा प्रवाहका हिसाबले भने बागमतीकै हिस्सा धेरै छ। 'औद्योगिक कर्जामध्ये बागमतीमा सबैभन्दा बढी ६४.८ प्रतिशत ९७ खर्ब ८२ अर्ब रूपैयाँ कर्जा लगानीमा छ,' प्रतिवेदनमा भनिएको छ, 'कर्णालीमा सबैभन्दा कम ०.६ प्रतिशत ९६ अर्ब ६९ करोड रूपैयाँ कर्जा लगानीमा छ ।' २०७७ असारको तुलनामा २०७७ पुससम्म बैंक तथा वित्तीय संस्थाले १२ खर्ब ८ अर्ब ८ करोड पैयाँ कर्जा औद्योगिक क्षेत्रमा प्रवाह गरेका छन् । गत असारको तुलनामा यस्तो कर्जा ७.३ प्रतिशतले बढेको हो । अघिल्लो आवको सोही अवधिमा यस्तो कर्जा २३।२ प्रतिशतले बढेको थियो । 'कुल कर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाहित कर्जाको अंश ३३.१ प्रतिशत छ,' प्रतिवेदनमा उल्लेख छ ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होर्डिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# छसय २१ झोलुङ्गे पुल बन्यो

◆ विकास संवाददाता



स्थानीय पूर्वाधार विभागले गत आर्थिक वर्षमा लक्ष्यभन्दा बढी झोलुङ्गे पुल निर्माण गरेको छ । गत वर्ष छ सय झोलुङ्गे पुल निर्माण गर्ने लक्ष्य लिएको विभागले २१ वटा बढी झोलुङ्गे पुल निर्माण सम्पन्न गरेको हो । लामो तथा छोटो गरी ६२१ वटा झोलुङ्गे पुल निर्माण सम्पन्न भएको स्थानीय पूर्वाधार विभागले जनाएको छ । गत वर्ष ३२ वटा सडक पुल निर्माण भएका छन् । चालू आर्थिक वर्षमा भने ७२० वटा झोलुङ्गे पुल निर्माण गर्ने लक्ष्य विभागको छ ।

विभागका महानिर्देशक ईश्वरचन्द्र मरहट्ठाले नदी, खोल्साखोल्सी तरितराउका लागि निर्माण भएका झोलुङ्गे पुलले स्थानीय नागरिकका लागि यातायात सुविधा उपलब्ध भई हाटबजार, शिक्षा, स्वास्थ्य, प्रशासनिक सेवा, सामाजिक र सांस्कृतिक केन्द्रमा पहुँच अभिवृद्धि भएको बताए ।

उनका अनुसार झोलुङ्गे पुल निर्माणले स्थानीय बासिन्दामा आधारभूत सेवा विस्तार तथा आर्थिक अवसर र स्रोतमा पहुँच पुगेको छ । बालबालिकालाई तुइन तरेर विद्यालय जानुपर्ने परिस्थिति अन्त्य भई पुलबाटै आवतजावत गर्न सकिने अवस्था बनेको छ । उनले भने,– 'नेपाल भौगोलिक विकटता र ठूला नदी र खोल्सामा तरितराउका लागि झोलुङ्गे पुल निर्माण गर्नु आफैँमा चुनौती रहे पनि झोलुङ्गे पुल निर्माण अघि बढिरहेको छ ।'

झोलुङ्गे पुल निर्माणले नेपालमा आन्तरिक र बाह्य पर्यटक प्रवर्द्धन भई आर्थिक र सामाजिक रूपान्तरणमा थप टेवा पुगेको छ । सहकारिता, सहअस्तित्व र समन्वयका आधारमा विकासका दृष्टिले पछाडि परेका क्षेत्रलाई प्राथमिकता दिँदै सन्तुलित, वातावरण अनुकूल, गुणस्तरीय तथा दिगो रूपमा पूर्वाधार विकास गर्न प्राविधिक विषयमा प्रदेश र स्थानीय तहलाई सक्षम, सबल र सहयोग गर्नका लागि स्थानीय पूर्वाधार विभागको महत्वपूर्ण भूमिका रहेको विभागले जनाएको छ ।

# मंगलदीपले थाहानगरमा सेवा दिने

◆ विकास संवाददाता

ललितपुरमा मुख्य कार्यालय रहेको मंगलदीप बचत तथा ऋण सहकारी संस्थाले कर्मचारी माग गरेको छ । सहकारीले एसइई उतीर्णदेखि स्नातक तह उतीर्णसम्मको शैक्षिक योग्यता भएकाहरूका लागि साउन २६ गते दरखास्त आव्हान गरेको हो ।

मंगलदीपले थाहानगरमा समेत सेवा केन्द्र विस्तारको स्वीकृती पाएसंगै थप कर्मचारी माग गरेको हो । अब छिट्टै उक्त सहकारीले थाहा नगरपालिकाको शिखर कोटमा सेवा केन्द्र राखेर सेवा प्रवाह गर्ने पदपूर्ति उपसमिति संयोजक नवराज विष्टले जानकारी दिए ।

संयोजक विष्टका अनुसार थाहानगर सेवा केन्द्रका लागि मात्र सेवाकेन्द्र प्रमुखसहित ४ जना कर्मचारी माग गरेको छ । त्यस्तै मंगलदीपकै अरू कार्यालयका लागि ५ जना कर्मचारी माग गरेको छ ।

इच्छुक र योग्यता पुगेका नेपाली नागरिकले सूचना प्रकाशन भएको १५ दिनभित्र आवेदन पेश गर्नुपर्ने सूचनामा उल्लेख छ ।


## थाहा नगरपालिका
### इन्द्रायणी चौर, मकवानपुर

**सूचना ! सूचना !! सूचना !!!**

सूचना प्रकाशित मिति : २०७८/०५/०३

**यस थाहा नगरपालिका कृषि विकास शाखा इन्द्रायणी चौर मकवानपुरको आर्थिक वर्ष २०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार ५० प्रतिशत अनुदानमा नमुना टनेल (५०० वर्ग मीटर क्षेत्रफलको टनेलमा मल्चिङ, थोपा सिंचाइसहित) को टनेल बिक्रि गर्नुपर्ने भएको हुँदा थाहानगर भित्रका इच्छुक कृषक समुह, कृषि सहकारी र कृषि फर्मले आवश्यक तपसिलका कागजात सहित यो सूचना प्रकाशित मितिले ३० दिनभित्र कृषि विकास शाखमा निवेदन पेश गर्नका लागि यो सूचना प्रकाशति गरिएको छ ।**

**आवश्यक कागजातहरू:**

१. निवेदन–१ प्रति
२. कृषक समूह/कृषि सहकारी/कृषि फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी–१ प्रति
३. कृषक समूह/कृषि सहकारी//कृषि फर्मको निर्णय प्रतिलिपी प्रतिलिपी–१ प्रति (टनेल बनाउने व्यक्तिको नामसहित)
४. पान दर्ता प्रमाणपत्रको प्रतिलिपी–१ प्रति
५. करचुक्ता प्रमाणपत्रको प्रतिलिपी–१ प्रति

**थप जानकारीका लागि सम्पर्क:**

**९८४५१०३३४१ र ९८४५०७२२००**

नोट: म्याद नाघि आएका र रीत नपुगेका निवेदनलाई कार्यक्रममा समावेश गरिने छैन ।

– कृषि विकास शाखा


## भिमफेदीले बनायो
# पालिकाको प्रशासकीय भवन



◆ विकास संवाददाता

मकवानपुरको भीमफेदी गाउँपालिका आफ्नै नयाँ निर्मित प्रशासकीय भवनमा सरेको छ । भवनको बागमती प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेलले एक कार्यक्रमका बीच पालिकाको नयाँ बनेको प्रशासकीय भवनको रिवन काटेर उद्घाटन गरेका हुन् । स्थानीय तह घोषणासंगै घर भाडामा लिएर कार्यालय सञ्चालन गर्दै आएकोमा पालिका आफ्नै भवनमा सर्ने भएको हो । हलसमेत गरेर ४२ कोठे भवनको ठेक्का ७ करोडमा आव्हान भएकोमा ४ करोड १२ लाख रूपैयाँमा ठेक्का कवुल भएर निर्माण सम्पन्न भएको हो ।

स्थानीय तह घोषणा भएको पाँच वर्षपछि पालिकाले आफ्नै कार्यालय निर्माण सकेर सरेको हो । २०७६ साल साउन १४ गतेबाट निर्माण सुरू भएको भवन सम्पन्न भई उद्घाटन भएको हो । उद्घाटन सम्पन्न तत्कालै पालिकाले आफ्नै भवनबाट सेवा प्रवाह गर्ने गाउँपालिका अध्यक्ष हिदम लामाले जानकारी दिए । उक्त भवन आर.एण्ड सि. जेभी काठमाण्डौका कम्पनीले निर्माण सम्पन्न गरेको हो । यसअघि भाडाको घरको एउटै कोठामा दुई भन्दा बढि शाखा राखेर सेवा प्रवाह गरिरहेको पालिकाले अब सहज रूपमा सेवा प्रवाह गर्ने जनाइएको छ ।

उक्त भवनको निर्माणका लागि जिससले ८ कट्ठा ८ रोपनि जग्गा उपलब्ध गराएको हो । साढे तिन तलाको भवन १७ मिटर चौडाई र ३५ मिटरको लम्बाइमा बनेको छ । भवन निर्माणमा संघिय सरकारको एक करोड ४० लाख, जिससले दुई करोड रकम प्रदान गरेको छ भने बाँकी रहेको ७२ लाख ८२ हजार गाउँपालिकाले रकम हालेको पालिकाका प्रमुख प्रशासकिय अधिकृत जीवन कुवरले बताए ।

कार्यक्रमका सभाध्यक्ष रहेको भिमफेदी गाउँपालिकाका अध्यक्ष हिदम लामाले भिमफेदीलाई विकासमा अव्वल बनाउने बताए । उनले गाउँपालिकामा आएका योजनामा आफुले भष्ट्रचार नगर्ने र अरूलाई पनि गर्न नदिने बताएका छन् । भिमफेदीको विकट गाँउलाई पालिकासम्म जोडने र विकास निर्माणलाई तिब्रता दिने उनले बताए । उनले प्रदेश सरकारलाई पालिकामा ६२ वटा योजना पारिदिएकोमा धन्यवाद समेत व्यक्त गरेका हुन् । भिमफेदी गाउँपालिकालाई कसरी आर्थिक,सामाजिक र प्रशासनिक सुदृणताका हिसावले अगाडी ल्याउनेमा दृण रहेको उनले बताए ।

कार्यक्रमका प्रमुख अतिथी बागमती प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेलले भीमफेदीको इतिहास, पुरात्विक महत्वलाई बचाउन पुरानो सहरको रूपमा विकास गर्ने बताएका हुन् । प्रदेश सरकारले पालिकामा ६२ वटा योजना पारिदिएको समेत उनले बताएका हुन् । भीमफेदी मरेको सहरका रूपमा धेरै समयसम्म रहेकोले अव यहाँ विकासका मुहान फुट्ने उनले बताए । उनले सक्षम नेतृत्वलाई जिताएकै कारण भीमफेदीमा विकास भएको बताए ।

त्यस्तै जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख रघुनाथ खुलालले स्थानिय तहहरूलाई अधिकार सम्पन्न र विकासमा अगाडी राख्नकै लागि पालिकालाई जग्गा उपलब्ध गराएको बताए । उनले ८ गाउँपालिका मध्ये आफ्नै व्यवस्थित भवन निर्माण सम्पन्न गर्ने पहिलो गाउँपालिकाको रूपमा भीमफेदी रहेको भन्दै भवन अनुसारको सेवा प्रवाह चुस्त दिनुपर्ने समेत बताएका छन् ।

उद्घाटन कार्यक्रममा गाउँपालिकाको उपाध्यक्ष पार्वति रानाले पालिकाको विकासमा सहयोग गर्ने सम्पुर्णमा धन्यवाद ब्यक्त गरेकी थिइन् । पालिकामा आजसम्म भएको काममा जनतालाई निराश बनाउने कुनैपनि कार्य नगरेको उनले बताइन् ।

# तरकारी बजारीकरणम सहकारीको सक्रियता

◆ विकास संवाददाता



*मकवानपुरगढी गाउँपालिकामा अनाज, तरकारी तथा फलफूलको बजारीकरणमा सहकारी संस्था सक्रिय भएको छ । ५ भदौमा वडा नम्बर २ को कुर्ले कृषि सहकारी संस्था लि. ले तरकारी संकलन र बजारीकरणको शुभारम्भ गरेको छ ।*

*मकवानपुरगढीले सहकारीमार्फत् अनाज खरिद बिक्रीको कार्य गत आ.व. ०७७/७८ बाटै शुरूवात गरेकोमा चालु आ.व. ०७८/७९ मा तरकारी तथा फलफूलमा समेत बजारीकरणमा प्रोत्साहन अनुदानको कार्यक्रम शुरूवात गरेको हो । सहकारीमार्फत् बजारीकरणमा अनाज खरिद बिक्रीमा प्रति केजी रू ४ र तरकारी तथा फलफूल बजारीकरणमा प्रति केजी रू २ का दरले गाउँपालिकाबाट प्रोत्साहन अनुदानको व्यवस्था गरिएको कृषि शाखा प्रमुख चन्द्रकान्त चौधरीले बताए ।*

*सहकारी संस्थाका अध्यक्ष कृष्णप्रसाद हुमागाईको सभाध्यक्षतामा संचालन भएको कार्यक्रममा गाउँपालिका अध्यक्ष बिदुर हुमागाईको प्रमुख आतिथ्यता र कृषि शाखा प्रमुख चन्द्रकान्त चौधरीको विशेष आतिथ्यता रहेको थियो । कार्यक्रममा सहकारी संस्थाका पदाधिकारीहरू, शेयर सदस्यहरू र कृषकहरूको उपस्थिति रहेको थियो । गाउँपालिकामा यस वर्ष अनाज, तरकारी तथा फलफूल बजारीकरणका लागि ७ वटा सहकारी सूचिकृत भएका छन् ।*

## मास्क लगाऔं कोरोनाबाट सुरक्षित बनौं

- नाक र मुख ढाकिने गरी मास्क लगाऔं,
- मास्कलाई सकेसम्म नछोऔं,
- एउटै मास्क लामो समयसम्म प्रयोग नगरौं,

*कोरोनाबाट आफूपनि बचौं, अरुलाई पनि बचाऔं ।*

नेपाल सरकार
**विज्ञापन बोर्ड**


# ऋण तिर्नुपर्ने म्याद एक वर्ष थपियो

◆ विकास संवाददाता



कोभिड प्रभावित ऋणीहरूले ऋण तिर्नका लागि अतिरिक्त समय पाउने भएका छन् । नेपाल राष्ट्र बैंकले आगामी पुस मसान्तसम्म भुक्तान गर्नुपर्ने साँवा तथा ब्याज दायित्वलाई एक वर्षसम्म म्याद थप गर्न निर्देशन दिएको हो ।

नेपाल राष्ट्र बैंकले मंगलबार वाणिज्य बैंक, विकास बैंक र फाइनान्स कम्पनीहरूलाई एकीकृत निर्देशन जारी गर्दै यस्तो सुविधा दिन निर्देशन दिएको हो । यो सुविधा कोभिड–१९ बाट अति प्रभावित क्षेत्रहरू मध्ये रेष्टुरेण्ट, पार्टी प्यालेस, सार्वजनिक यातायात, शिक्षण संस्था र मनोरञ्जन व्यवसाय तथा नगद प्रबाह अबरूद्ध भएका लघु, घरेलु, साना तथा मझौला व्यवसायीले पाउनेछन् ।

'कोभिड–१९ को असर मूल्याङ्कन गरी त्यस्ता ऋणीहरूले २०७८ पुस मसान्तसम्म भुक्तान गर्नुपर्ने साँवा तथा ब्याज दायित्वलाई एक वर्षसम्म म्याद थप गरी कम्तीमा चार किस्तामा असुली गर्ने व्यवस्था मिलाउनु पर्नेछ' निर्देशनमा भनिएको छ । यस्तो ब्याजलाई पुँजीकरण गर्न नपाइने तथा पेनाल ब्याज समेत नलाग्ने व्यवस्था मिलाउन समेत राष्ट्र बैंकले निर्देशन दिएको छ ।

यसैगरी कोभिड–१९ बाट अति प्रभावित क्षेत्रहरू मध्ये होटल, ट्राभल, ट्रेकिङ्ग र हवाई सेवा जस्ता बाह्य पर्यटकमा निर्भर रहनुपर्ने व्यवसायीलाई परेको कोभिड–१९ को असर मूल्याङ्कन गरी २०७९ असार मसान्तसम्म पाक्ने ब्याजलाई छुट्टै हिसाब राखी दुई वर्षसम्ममा कम्तीमा चार किस्तामा असुली गर्ने व्यवस्था मिलाउन समेत राष्ट्र बैंकको निर्देशन छ ।

राष्ट्र बैंकका अनुसार यो ऋणमा पनि ब्याजलाई पुँजीकरण गर्न नपाइने र थप हर्जाना तथा पेनाल ब्याज नलाग्ने व्यवस्था मिलाउनु पर्नेछ । कोभिड–१९ को जोखिम न्यूनीकरणका लागि जारी भएको निषेधाज्ञालाई मध्यनजर गरी ऋणीहरूले २०७८ असारसम्म भुक्तानी गर्नु पर्ने इएमआई/इक्यूआई वा अन्य साँवा ब्याज निषेधाज्ञाको कारणले भुक्तानी गर्न नसकेको अवस्थामा ऋणीको वित्तीय स्थिति मूल्याङ्कन गरी २०७८ पुस मसान्तसम्म भुक्तानी म्याद थप गर्न सक्नेछन् ।


## थाहा नगरपालिका
*इन्द्रायणी चौर, मकवानपुर*

**सूचना ! सूचना !! सूचना !!!**

सूचना प्रकाशित मिति : २०७८/०५/०४

**यस थाहा नगरपालिका पशु विकास शाखाको आर्थिक वर्ष २०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार नगरपालिका क्षेत्रमा रहेका बाख्रा फार्म संरक्षण कार्यक्रम अन्तर्गत आन्तरिक तथा बाहिय परजीवी रोग नियन्त्रण कार्यक्रम पशु स्वास्थ्य प्राविधिकको प्रत्येक्ष उपस्थितीमा मिति २०७८ भाद्र ८ गतेदेखि १३ गतेसम्म संचालन हुने भएको हुँदा पशु विकास शाखमाा दर्ता भएका बाख्रा पार्म संचालकहरुले यथासक्य छिटो सम्पपर्क गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।**

**सम्पर्कः**
**९८६११६११०६**
**९८४५५७५४४३**

*- पशु विकास शाखा*

## थाहा नगरपालिका
*इन्द्रायणी चौर, मकवानपुर*

**सूचना ! सूचना !! सूचना !!!**

सूचना प्रकाशित मिति : २०७८/०४/३२

**यस थाहा नगरपालिका कृषि विकास शाखा इन्द्रायणी चौर मकवानपुरको आर्थिक वर्ष २०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिलको सामाग्री ५० प्रतिशत अनुदानमा बिक्रि वितरण गर्ने कार्यक्रम रहेकोले आवश्यक कागजातसहित यो सूचना प्रकाशित मितिले ३० दिनभित्र कृषि शाखमा रितपुर्वक थाहानगर भित्रका इच्छुक कृषक समुह, कृषि सहकारी र कृषि फर्मले निवेदन पेश गर्नका लागि यो सूचना प्रकाशति गरिएको छ ।**

**आवश्यक कागजातहरूः**
**१. मिनी टिलर ७ एच.पी.पेट्रोल**
**२. मिनी टिलर ७ एच.पी. डिजल**
**३. अन्य ब्राण्ड**

**आवश्यक कागजातहरूः**
**१. निवेदन–१ प्रति**
**२. कृषाक समूह/कृषि सहकारी/कृषि फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी–१ प्रति**
**३. कृषक समूह/कृषि सहकारी//कृषि फर्मको निर्णय प्रतिलिपी प्रतिलिपी–१ प्रति**
**४. पान दर्ता प्रमाणपत्रको प्रतिलिपी–१ प्रति**
**५. करचुक्ता प्रमाणपत्रको प्रतिलिपी–१ प्रति**

**थप जानकारीका लागि सम्पर्कः**
**९८४५१०३३४१ र ९८४५०७२२००**

नोटः म्याद नाघि आएका र रीत नपुगेका निवेदनलाई कार्यक्रममा समावेश गरिने छैन ।

- कृषि विकास शाखा

नेपाल सरकार
गृह मन्त्रालय
**राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग**
सिंहदरबार, काठमाडौं

## सामाजिक सुरक्षा परिचयपत्र
## नवीकरण सम्बन्धी अत्यन्त जरूरी सूचना



जेष्ठ नागरिक | एकल महिला | अशक्त/अपाङ्ग | लोपोन्मुख जाति | बालबालिका

सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले २०७८ साल श्रावण १ गतेदेखि २०७८ भाद्र मसान्तसम्म आफ्नो स्थायी ठेगाना रहेको वडामा लाभग्राही स्वयं वा संरक्षक/माथवर उपस्थित भई अनिवार्य रुपमा परिचयपत्र नवीकरण गरौं ।

**तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छैन ।**

**थाहा नगरपालिका**
**नगर कार्यपालिका कार्यालय**
इन्द्रायणी चौर मकवानपुर

## थाहा नगरपालिका
*इन्द्रायणी चौर, मकवानपुर*

**सूचना ! सूचना !! सूचना !!!**

सूचना प्रकाशित मिति : २०७८/०५/०३

**यस थाहा नगरपालिका कृषि विकास शाखा इन्द्रायणी चौर मकवानपुरको आर्थिक वर्ष २०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार ५० प्रतिशत अनुदानमा नमुना टनेल (१००० वर्ग मीटर क्षेत्रफलको टनेलमा मल्चिङ, थोपा सिंचाइसहित) को टनेल बिक्रि गर्नुपर्ने भएको हुँदा थाहानगर भित्रका इच्छुक कृषक समुह, कृषि सहकारी र कृषि फर्मले आवश्यक तपसिलका कागजात सहित यो सूचना प्रकाशित मितिले ३० दिनभित्र कृषि विकास शाखमाा निवेदन पेश गर्नका लागि यो सूचना प्रकाशति गरिएको छ ।**

**आवश्यक कागजातहरूः**
**१. निवेदन–१ प्रति**
**२. कृषाक समूह/कृषि सहकारी/कृषि फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी–१ प्रति**
**३. कृषक समूह/कृषि सहकारी//कृषि फर्मको निर्णय प्रतिलिपी प्रतिलिपी–१ प्रति (टनेल बनाउने व्यक्तिको नामसहित)**
**४. पान दर्ता प्रमाणपत्रको प्रतिलिपी–१ प्रति**
**५. करचुक्ता प्रमाणपत्रको प्रतिलिपी–१ प्रति**

**थप जानकारीका लागि सम्पर्कः**
**९८४५१०३३४१ र ९८४५०७२२००**

नोटः म्याद नाघि आएका र रीत नपुगेका निवेदनलाई कार्यक्रममा समावेश गरिने छैन ।

- कृषि विकास शाखा


● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा–४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी